फोन नं.: ०८३-५२१०८१,
०८३-५२२०९२

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# मानव संसाधन विकास केन्द्र
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या : ०७६/०७७
चलानी नं.: ४२२

मिति :२०७६/१२/०९

श्री गणेश थापा
तिलागुफा १० कालिकोट ।

विषय :स्वयंसेवक नियुक्ति ।

तपाईंलाई कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्वन्धी कार्यकारी समितिको निर्णय अनुसार **भेटनरी जे.टि.य.** स्वयंसेवकको रुपमा कार्य गर्ने गरी नियुक्ति गरिएको र तिलागुफा न.पा.कालिकोट अन्तरगत पदस्थापन गरिएको व्यहोरा सहर्ष जानकारी गराइन्छ । तपाईंको सेवा अवधि हाललाई **२०७६ चैत्र १०** गते देखी **२०७७ असार** मसान्त सम्म कायम गरिएको छ । स्वयंसेवकमा नियुक्त हुनु भएकोमा बधाई दिँदै सेवा अवधिमा तपाईले स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई कार्य गर्नुहुने विश्वास लिइएको छ ।

**तपाईंको सेवाको शर्त सुविधा निम्नानुसार हुनेछ :**

१.तपाईंले आफु खटिएको **सामाजकि विकास कार्यालय/जिल्लाको विषयगत कार्यालय/जिल्ला समन्वय समितिको** प्रमुखको मातहतमा रही कार्य गर्नु पर्नेछ ।

२. तपाई खटिएको जिल्लामा कर्णाली प्रदेश स्वयमसेवक सेवाद्वारा तोकिएको स्वयंसेवक संयोजकको सम्पर्क र समन्वयमा रही कार्य गर्नु पर्नेछ ।

३. तपाईंलाई पदस्थापना भएको कार्यालयमा रुजू हाजिरी भएको अभिलेखको आधारमा सम्बन्धित **सामाजकि विकास कार्यालय/ विषयगत कार्यालय/जिल्ला समन्वय समितिको कार्यालयबाट** निर्वाह भत्ता वापत मासिक रु **१६२००** प्राप्त हुनेछ ।

४. तपाईंले न्यूनतम १ (एक) वर्ष काम गरे पश्चात् १ पटक भुक्तानी हुने गरी रु. १०,०००/- (दश हजार) चाडपर्व वापत खर्च पाउनु हुने छ ।

५. महिला स्वयंसेवकको हकमा सेवा अवधि भित्र सुत्केरी भएमा सुत्केरी विदा र शिशु स्याहार भत्ताको सुविधा निर्देशक समितिको निर्णयअनुसार हुनेछ ।

६. तपाईंले रुजु हाजिरीको आधारमा बार्षिक १२ दिन घर विदा र ८ दिन अन्य (भैपरी तथा पर्व र बिरामी विदा) गरि जम्मा २० दिन बार्षिक विदा पाउनु हुनेछ । साथै रित धर्मअनुसार क्रिया वस्नु परेमा १५ दिन क्रिया विदा पाउनुहुनेछ । सञ्चित विदा वापत पारिश्रमिक तथा अन्य कुनै सुविधा पाउनुहुने छैन । विदाको स्वीकृति तपाईं कार्यरत कार्यालयको प्रमुख वा यस सचिवालयबाट हुनेछ ।

७. तपाईंलाई देहायको अवस्थामा यस सेवाबाट अवकाश दिइने छ :

क. दुई वर्षको कार्यअवधि पुरा भएमा,
ख. खटाएको कार्यस्थलमा समयमा र नियमित हाजिर नभएमा,
ग. खराब आचरण प्रदर्शन गरेमा,
घ. सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा,
ङ. नैतिक पतन देखिने कसुर गरेमा,
च. सम्वन्धित निकायले कारण खुलाई अवकाश दिने सिफारिस गरेमा,
छ. कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्वन्धी कार्यविधि २०७५ को दफा २७ बमोजिमका आचरण पालना नगरेमा ।

८. तपाईले मासिक रुपमा र सेवाको अन्त्यमा समेत आफुले सम्पन्न गरेको कार्यको प्रगति विवरण तोकिएको ढाँचामा तयार गरि आफु खटिएको कार्यालय र यस सचिवालयमा पठाउनु पर्नेछ ।

९. तपाईंको कार्यविवरण यसै नियुक्ति साथ संलग्न गरिएको छ ।

२०७६/१२/०९
निर्देशक

**बोधार्थ :**

श्री सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत,नेपाल ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, कालिकोट।

श्री सामाजिक विकास कार्यालय, कालिकोट।

श्री तिलागुफा न.पा., कालिकोट ।

:त्यहाँ कार्यालय अन्तरगत कामकाजमा लगाई जानकारी पठाईदिन हुन ।

# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

२०७३

कर्णाली प्रदेश नेपाल

२०७३

प.सं. ०७६/०७७

च. नं. १००२

मिति:२०७७।०१।२९

विषय: कार्यक्षेत्र तोकियको बारे ।

श्री: भेटेरीनरी जे.टि.ए. स्वयम् सेवक श्री गणेश थापा

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय मानव संसाधन विकास केन्द्र कर्णाली प्रदेशको मिति २०७६।१२।०९ गतेको पत्र अनुसार तपाई लाई मिति २०७६।१२।१० गतेका दिन देखी लागु हुनेगरी हाललाई यस तिलागुफा नगरपालिका नगर कार्यपालिकाको कार्यालय पशुसेवा शाखा अर्न्तगत पशु सेवा केन्द्र ख रुडुमा कामकाज गर्ने गरी जिम्मेवारी तोकिएको व्यहोरा जानकारी गराईन्छ । आप्नो पदिय जिम्मेवारी बमोजिम कार्य सम्पादन गर्नुहुनेछ भन्ने पुर्ण विश्वास लिएको छु । साथै हाजिर भएको जानकारी पठाउनु हुन अनुरोध गरिन्छ ।

तपशिल

| क्र.स. | नाम | पद | तह | कामकाज गर्न तोकिएको कार्यालय |
|---|---|---|---|---|
| १ | गणेश थापा | भेटेरीनरी जे.टि.ए. | स्वयमसेवक | पशु सेवा केन्द्र ख तिलागुफा न.पा १० |

बोधार्थ

१. श्री सामाजिक विकास मन्त्रालय कर्णालि प्रदेश विरेन्द्रनगर सुर्खेत नेपाल ।

२. श्री जिल्ला समन्वय समितिको कार्यालय कालिकोट ।

३. श्री सामाजिक विकास कार्यालय कालिकोट ।

४.श्री १० नं. वडा कार्यालय रुडुबन्चु कालिकोट ।

५. श्री पशुसेवा शाखा तिलागुफा न.पा को कार्यालय कालिकोट ।

लक्ष्मण प्रसाद चौलागाई

नि.प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत